# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ७ २०८३ बैशाख २८ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

# कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**स्वीकृत मिति**

२०८३/०१/२५

**स्थानीय राजपत्रमा प्रकाशित मिति**

२०८३/०१/२८

संवत २०८३ सलको कार्यविधि नं. १

**कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनको कार्यविधि**

**प्रस्तावनाः** नेपालको संविधानले प्रदान गरेको स्थानीय तहको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरूप छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र कृषि तथा पशुपन्छी क्षेत्रको एकीकृत विकास गरी नगरबासीको आर्थिक समुन्नति सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई बोध गर्दै, नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधारको रूपमा रहेको कृषि र पशुपालनलाई परम्परागत निर्वाहमुखी प्रणालीबाट रूपान्तरण गरी आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रीकरणतर्फ उन्मुख गराउनु अत्यावश्यक भएकोले, ग्रामीण जीविकोपार्जन, खाद्य सुरक्षा, पोषण सुधार तथा स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी न्यूनीकरणमा यस क्षेत्रको योगदानलाई थप सुदृढ बनाउनु पर्ने सन्दर्भमा, नगरपालिका मार्फत सञ्चालन हुने कृषि उत्पादन वृद्धि, पशु स्वास्थ्य सेवा, नस्ल सुधार, रोग नियन्त्रण, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा बजार पहुँच विस्तार जस्ता कार्यक्रमहरूलाई लक्षित वर्गसम्म पारदर्शी, मितव्ययी, उत्तरदायी र परिणाममुखी ढङ्गले पुर्याउनका लागि योजना निर्माण, कृषक छनोट, कार्यान्वयन प्रक्रिया, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित र एकरूप बनाउनुका साथै कृषक, सहकारी, निजी क्षेत्र र सरोकारवालाहरूबीच प्रभावकारी समन्वय र सहकार्य कायम गरी दिगो विकास सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

छायाँनाथ रारा नगरपालिका विनियोजन ऐनको दफा ७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ण) मा रहेको व्यवस्था अनुसार कृषि, पशुपालन तथा पशुसेवा विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न छायाँनाथ रारा नगरपालिकाले नगर कार्यपालिकाको बैठकबाट यो कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालनकार्यविधि, २०८३" हुनेछ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ। र यो कार्यविधि छायाँनाथ रारा नगरपालिका भित्र लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले कृषि तथा पशुपन्छी विकास कार्यक्रमको उद्देश्य प्राप्तिका लागि र छायाँनाथ रारा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि र पशुपालनका योजनाहरू कार्यान्वयन गर्न वा गराउनको लागि लक्षित कृषक, समूह वा सहकारीको छनोट गर्ने र बजेट तथा प्रविधिको न्यायोचित वितरण सुनिश्चित गर्न यस कार्यविधि बमोजिम गठित सरोकारवालाहरूको समूहलाई सम्झनुपर्छ।

(ग) "सुपरिवेक्षण तथा अनुगमन समिति" भन्नाले छायाँनाथ रारा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी विकासको लागि सञ्चालित कार्यक्रमहरू तोकिएको समय, लागत र गुणस्तर अनुसार सम्पन्न भए वा नभएको जाँचबुझ गर्न र नीतिगत निर्देशन दिन गठित उच्चस्तरीय संयन्त्रलाई सम्झनुपर्छ।

(घ) "कार्यक्रम" भन्नाले कृषि उत्पादकत्व वृद्धि, पशुपन्छी पालनको आधुनिकीकरण र खाद्य सुरक्षा सुनिश्चित गर्न सरकार, गैरसरकारी निकाय वा छायाँनाथ रारा नगरपालिकाद्वारा निश्चित लक्ष्य, बजेट र समयसीमा निर्धारण गरी कार्यान्वयन गरिने योजनाबद्ध क्रियाकलापहरूको समष्टिगत रूपलाई सम्झनुपर्छ।

(ङ) "समूह" भन्नाले निश्चित क्षेत्रका कृषकहरू मिलेर आफ्नो उत्पादन वृद्धि, लागत न्यूनीकरण र बजारिकरणका लागि गठन गरेको कृषक तथा पशुपन्छी समूह लाई सम्झनुपर्छ। साथै किसान समूह, सहकारी संस्था, जिल्ला कृषि कार्यालय वा जिल्ला पशुपन्छी विकास कार्यालय र छायाँनाथ रारा नगरपालिकामा दर्ता भएका कृषक तथा पशुपन्छी समूहलाई समेत सम्झनुपर्छ।

(च) "सहकारी" भन्नाले कृषकहरूद्वारा उत्पादित कृषिजन्य वस्तु एवं पशुपन्छीजन्य पदार्थहरूको उत्पादन वृद्धि, प्रशोधन र सामूहिक बजारीकरण गर्ने उद्देश्यले कृषकहरू आफैं मिलेर गठन

गरेको एक कानुनी र स्वायत्त व्यावसायिक संस्थालाई सम्झनुपर्छ। यसले छरिएर रहेको सानो-सानो पूँजी र श्रमलाई एकीकृत गरी सदस्यहरूलाई सहुलियत ऋण, उन्नत बीउबिजन, दाना, मल र आधुनिक प्रविधि उपलब्ध गराउँदै बिचौलियामुक्त बजार सुनिश्चित गर्न मद्दत गर्दछ। यसलाई किसानको आफ्नै साझा व्यवसाय को रूपमा समेत सम्झनुपर्छ।

(छ) "निजी फर्म" भन्नाले प्रचलित कानुन बमोजिम कुनै एक व्यक्ति वा परिवारको पूर्ण स्वामित्व र लगानीमा मुनाफा आर्जन गर्ने उद्देश्यले स्थापना गरिएको कृषि तथा पशुपन्छी व्यवसाय सम्झनुपर्छ। यस अन्तर्गत बालीनाली उत्पादन, नर्सरी व्यवस्थापन, मत्स्यपालन वा पशुपन्छी पालन जस्ता कार्यहरू व्यावसायिक रूपमा सञ्चालन गरिन्छन्, जसको सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी, नाफा र घाटा सम्बन्धित प्रोप्राइटर (धनी) मा निहित रहने र एकल वा साझेदारी स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फर्म सम्झनु पर्छ।

(ज) "कृषक" भन्नाले जग्गाको स्वामित्व आफ्नो भए पनि वा नभए पनि (ठेक्का वा भाडामा लिएर), माटोमा श्रम गरी बालीनाली उब्जाउने, फलफूल खेती गर्ने, वा गाईवस्तु, बाख्रा, मत्स्यपालन र कुखुरापालन जस्ता पशुपन्छी व्यवसायमा प्रत्यक्ष संलग्न श्रमजीवी व्यक्तिलाई सम्झनुपर्छ। साथै प्रत्यक्ष श्रम गरी बालीनाली, फलफूल वा पशुपन्छी पालनको माध्यमबाट जीविकोपार्जन गर्ने वा व्यावसायिक उत्पादनमा संलग्न व्यक्ति, जो निर्वाहमुखी वा व्यावसायिक रूपमा कृषि कर्म तथा पशुपालनमा आश्रित रही प्रचलित कानुन बमोजिम सरकारी निकायमा सूचीकृत भई कृषि उत्पादन तथा पशुपालनको मूल्य शृङ्खलामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने समेतलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## कृषि तथा पशुपन्छी विकास कार्यक्रमको उद्देश्य र सञ्चालन समिति सम्बन्धी व्यवस्था

३. **कृषि तथा पशुपन्छी विकास कार्यक्रमको उद्देश्यहरूः** (१) यस कार्यविधिको कार्यान्वयनको लागि देहाय बमोजिमका उद्देश्यहरू रहेको छ,

(क) कृषिजन्य उत्पादन एवं उत्पादकत्व बढाउने,

(ख) व्यवसायिक एवं प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने,

(ग) कृषिमा आधारित साना उद्योग विकास गरी रोजगारी आदानप्रदान बढाउने,

(घ) पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्‍याइ सहज अनुदानलाई व्यवस्थित गर्ने,

(ङ) पशुपालन व्यवसाय अन्तर्गत थप रोजगारीका अवसरहरू सिर्जना गरी आयआर्जनको स्रोतलाई जीवनस्तर सुधार गर्ने,

(च) पशुपन्छीमा हुने रोगहरूको निदान तथा उपचार गर्ने,

(छ) पशुपन्छीमा हुने संक्रामक रोगहरू फैलन नदिने,

(ज) स्वास्थ्य मासु, दूध, अण्डा आदि उत्पादनमा सहयोग गर्ने,

(झ) छायाँनाथ रारा नगरपालिकाको कृषितथा पशुपन्छी विकास कार्यक्रमहरूको विद्यमान नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

(ञ) पशुपालन व्यवसायबाट उत्पादित पदार्थहरूको गुणस्तर सुधार गर्ने र उत्पादन लागतमा न्यूनीकरण गर्ने।

४. <u>**कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन समितिः**</u> (१) यस नगरपालिकाबाट सञ्चालन गरिने अनुदान सहकार्य, कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रमलाई व्यवस्थित तवरले सञ्चालन, व्यवस्थापन र कार्यान्वयन गर्न निम्न अनुसारको नौ सदस्यीय नगरपालिका स्तरीय कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | - संयोजक |
| (ख) | नगर उपप्रमुख | - सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) | नगर प्रमुखले तोकेको एक जना वडा अध्यक्ष | - सदस्य |
| (ङ) | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (च) | पूर्वाधार शाखा प्रमुख | - सदस्य |
| (छ) | योजना शाखा प्रमुख | - सदस्य |
| (ज) | कृषि शाखा प्रमुख वा पशु विकास शाखा प्रमुख | - सदस्य |
| (झ) | पशु विकास शाखा प्रमुख वा कृषि शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बैठकमा कृषि तथा पशुपन्छी विषयको विज्ञहरूलाई आमान्त्रण गर्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई बस्तुपरक बनाउन समितिका सदस्यहरू मध्येबाट एक जना संयोजक र बढीमा दुई जना सदस्य रहेको उपसमिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ।

५. **कृषि तथा पशुपन्छी विकास सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित प्रावधानहरूको परिधि भित्र रही यस गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कृषि तथा पशुपन्छी विकास सम्बन्धी स्थानीय नीति, कानुन, कार्यविधि, मापदण्ड तर्जुमा गराउन सहजीकरण गरि आवश्यकता अनुसार नगरकार्यपालिकाबाट अनुमोदन गराउन, स्थानीय राजपत्रमा प्रकाशित गर्न र सोको कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) नगरपालिकाको कृषि तथा पशुपन्छी विकासको प्राथमिकताहरू निर्धारण गर्न कार्यपालिकालाई सहजीकरण गर्ने,

(ग) नगरपालिकाको रणनीतिक, आवधिक तथा वार्षिक कृषि योजना तर्जुमा गर्न र सोको नगरसभाबाट अनुमोदन गराउनका लागि सहजीकरण गर्ने,

(घ) महिला तथा विपन्न वर्ग, व्यवसायिक कृषक लक्षित गरी कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा तथा सोको कार्यान्वयनमा सहयोग गर्ने,

(ङ) नगरपालिकामा कृषि तथा पशुपन्छी विकास सम्बन्धी सूचना, तथ्याङ्क राख्न, तिनको विशलेषण र रणनीतिक प्रकृयामा यस्ता सूचना तथा तथ्याङ्क उपयोग गर्न सहजीकरण गर्ने,

(च) कृषि तथा पशुपन्छी विकास सम्बन्धी उत्पादन सामाग्री जस्तै मल, बीउ, नश्ल, खोप आदिको मापदण्ड निर्धारण तथा सोको अनुगमनमा समन्वय एवं सहजीकरण गर्ने,

(छ) स्थानीय उत्पादन, प्राङ्गारिक मल उत्पादन आदिको सिफारिस तथा आवश्यकता प्रमाणपत्र उपलब्ध गराउन सहजीकरण गर्ने,

(ज) नगरपालिकामा मुख्य मुख्य कृषि तथा पशुजन्य उपजको विस्तार एवं विविधिकरण र बजारीकरणका लागि यस सँग सम्बन्धित बहुसरोकारवाला मञ्चको सञ्चालन एवं सहजीकरण गर्ने,

(झ) सघं, प्रदेश तथा स्थानीय तहका कार्यक्रमको संयोजन तथा कार्यान्वयन र अनुगमन संयोजनकारी भूमिका निर्वाह र सहजीकरण गर्ने,

(ञ) कृषि उत्पादन, उत्पादकत्व वृद्धि तथा उत्पादित वस्तुहरूको प्रशोधन र बजारीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्न नगरपालिकालाई सहयोग एवं सहजीकरण गर्ने।

६. **कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रम र मापदण्डः** (१) यस कार्यविधिको उद्देश्यहरू कार्यन्वयनको लागि नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रहि अनुसूची-१ मा उल्लेख भए बमोजिमका कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(२) अनुसूची-१ मा उल्लेखित कार्यक्रमहरूको प्रकृति, कार्यान्वयन विधि, लागत साझेदारीको दर र पालना गर्नुपर्ने विशेष शर्तहरू सोही अनुसूचीमा तोकिए बमोजिम हुनेछ।

(३) नगर कार्यपालिकाले आवश्यकता अनुसार अनुसूची-१ मा उल्लेखित कार्यक्रमको सूची, अनुदानको दर र शर्तहरूमा समय सापेक्ष थपघट, परिमार्जन वा हेरफेर गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम कार्यक्रमहरू सञ्चालन गर्दा नगरपालिका वा प्रचलित कानूनको प्राविधिक मापदण्ड पूर्ण रूपमा पालना गर्नुपर्नेछ।

## परिच्छेद-३

## कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन प्रक्रिया

७. **आवेदन तथा प्रस्ताव मागः** (१) कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार अनुसूची-२ को ढाँचामा सात वा पन्ध्र दिनको म्याद राखी प्रस्ताव आह्वावानको सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वानको सूचना नगरपालिकाको सूचना पाटी, वेबसाइट तथा अन्य सञ्चार माध्यमबाट सूचना प्रचारप्रसार गर्न सक्नेछ।

(३) कार्यक्रमको कार्यक्षेत्र छायाँनाथ रारा नगरपालिकाको सबै वडाहरुका कृषक, समुह, सहकारी, नीजी फर्म आदि रहनेछन्।

८. **आवेदन पेशः** (१) प्रस्ताव पेश गर्ने कृषक, समुह, सहकारी, नीजी फर्महरूको योग्यता अनुसूची-३ र अनुसूची-४ मा व्यवस्था गरे बमोजिम र सोही अनुसूचीमा उल्लेखित कागजातहरू निवेदन साथ राखी प्रस्ताव पेश गर्नपर्नेछ।

(२) अनुसूची-३ र अनुसूची-४ मा उल्लेखित कागजात सहित दफा ६ बमोजिम कार्यक्रम मापदण्ड पुगेका इच्छुक आवेदकले अनुसूची-३ बमोजिमको संक्षिप्त कार्ययोजनाको प्रस्तावना सहित अनुसीची-४ र कृषि औजार तथा मेशिनरीको लागि अनुसूची-५ बमोजिम निवेदन र अनुसुची- ६ बमोजिम स्वघोषणा र कृषि औजार तथा मेशिनरीको लागि अनुसूची-७ बमोजिम कबुलियतनामा समेत सहित कृषि तथा पशु विकास शाखामा आवेदन पेश गर्नुपर्नेछ।

९. **प्रारम्भिक छनौट तथा सिफारिसः** (१) दफा ८ अनुसार प्राप्त आवेदन उपर आवश्यक परेको खण्डमा दफा १२ अनुसारको अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदन प्राप्त गरी दफा ४ अनुसारको समितिको बैठक वसी प्रस्ताव छनौट गरिनेछ। वडा कार्यालयबाट स्वीकृत बजेटको हकमा सम्बन्धित वडा समितिले प्रारम्भिक छनौट गरेको निर्णय संलग्न गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ८ अनुसार पेश हुन आएको कार्ययोजना प्रस्तावना सहितको आवेदन अनुसूची-८ अनुसार मूल्याङ्कन गरी प्रस्ताव छनौट गर्नुपर्नेछ।

(३) उपदफा (१) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्ताव छनौट गर्दा पहिलो प्राथमिकता कृषि तथा पशुपन्छी संग सम्बन्धित सहकारीलाई, दोस्रो प्राथमिकता कृषि तथा पशुपन्छी संग सम्बन्धित समूहलाई र तेस्रो प्राथमिकता कृषि तथा पशुपन्छी संग सम्बन्धित नीजि फर्म वा व्यक्ति वा कम्पनिलाई दिनुपर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्ताव छनौट गर्दा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गको अर्थपूर्ण सहभागिता र लाभ सुनिश्चित गर्नुपर्नेछ।

(५) प्रस्ताव छनौट गर्दा व्यवसायको दिगोपना, बजारको सुनिश्चितता र स्थानीय कच्चा पदार्थको प्रयोग गर्ने, प्राविधिक स्थलगत सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्ने पक्षलाई विषेश प्राथमिकता दिइनेछ।

(६) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि एउटै सहकारी, समुह, फर्म, कम्पनी वा कृषकले संघ, प्रदेश, स्थानीय तह र अन्य सरकारी निकायबाट एउटै प्रयोजनका लागि अनुदान प्राप्त नगरेको हुनुपर्नेछ। साथै एक आर्थिक वर्षमा एकै व्यक्ति वा संस्था वा सहकारी वा नीजि फर्म वा कम्पनीलाई एक भन्दा बढी अनुदान दिइनेछैन।

१०. **सम्झौता प्रक्रियाः** (१) छनौट भएका अनुदान ग्राही र कार्यालय बिच स्वीकृत कार्ययोजना बमोजिम शर्तहरूमा अनुसूची-९ अनुसारको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) उपदफा (१) अनुसारको सम्झौतामा तोकिएका क्रियाकलापहरू तोकिएको समय अवधि भित्र सम्पन्न गर्नुपर्नेछ।

## परिच्छेद-४
## विविध

११. **भुक्तानी प्रक्रियाः** (१) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय अनुसारको प्रक्रिया पुरा गरेपछि मात्र अनुदान रकम भुक्तानी गर्नुपर्नेछ।

(क) सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बिल भरपाईको सक्कल कागजात सहीत समयावधि भित्र पेश गर्नु पर्नेछ।

(ख) सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भएको सम्बन्धित शाखाको प्रतिवेदन समावेश गर्नुपर्नेछ।

(ग) सुरिवेक्षक तथा अनुगमन समितिको प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

(घ) सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्नु पर्नेछ।

(ङ) सम्बन्धित अनुदानग्राहीले सञ्चालन गरेका व्यवसायको उत्पादन बजारीकरण तथा आम्दानी सहीतको प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

(च) सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ।

(छ) कुल लागतमा दुई लाख वा सो भन्दा बढीको अनुदान कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरि सूचना पाटी राखेको हुनपर्नेछ।

(ज) अनिवार्य रूपमा कृषि तथा पशु बिमा गराएको हुनुपर्नेछ।

(३) उपदफा (१) अनुसार कार्यक्रमको लागि रकम भुक्तानी गर्दा कानून बमोजिम आयकर रकम कट्टा गरिनेछ।

(४) दफा १२ बमोजिम सुपरिवेक्षण, अनुगमन, भ्रमण, बैठक भत्ता तथा तालिममा कार्यक्रमको लागि छुट्ट्याइएको कुल बजेटको बढीमा पाँच प्रतिशत रकम खर्च गर्न सकिनेछ।

१२. **सुपरिवेक्षण तथा अनुगमन समितिः** (१) कृषि तथा पशुपन्छी विकास कार्यक्रम सुपरिवेक्षण तथा अनुगमनका लागि देहाय बमोजिमको सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछ।

(क) नगर उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) प्राविधिक शाखा प्रमुख - सदस्य

(च) पशु सेवा शाखा प्रमुख वा कृषिशाखा प्रमुख - सदस्य

(छ) कृषिशाखा प्रमुख वा पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(२) कार्यक्रम सम्पन्न भई सम्बन्धित कृषकले कागजात पेश गरेको पन्ध्र दिन भित्र अनुगमन गरि अनुगमन समितिले कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

१३. **<u>सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) यस समितिको मुख्य जिम्मेवारी कार्यक्रमको पारदर्शिता, गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्नु रहकोछ भने देहाय बमोजिमका काम, कर्तव्त र अकारहरू रहेको छ।

(क) छनौट भएका अनुदानग्राहीहरूले सम्झौता र कार्ययोजना अनुसार काम गरे वा नगरेको नियमित रूपमा स्थलगत अनुगमन र निरीक्षण गर्ने,

(ख) कृषि तथा पशुजन्य सामग्री, पूर्वाधार निर्माण वा सेवाको गुणस्तर प्राविधिक मापदण्ड अनुसार भए वा नभएको जाँच गर्ने,

(ग) कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले पेश गरेको कागजात र वास्तविक कार्यको तालमेल हेरी पन्ध्र दिन भित्र  कृषि तथा पशुपन्छी विकास सञ्चालन समिति" समक्ष प्रतिवेदन पेश गर्ने,

(घ) अनुगमनका क्रममा कार्य सन्तोषजनक पाइएमा मात्रै अनुदान रकम भुक्तानीका लागि आर्थिक प्रशासन शाखालाई आवश्यक सिफारिस गर्ने,

(ङ) अनुगमनको क्रममा कुनै कैफियत वा कमजोरी देखिएमा सम्बन्धित सहकारी, समुह, फर्म, कम्पनी वा कृषकलाई आवश्यक सुधारका लागि निर्देशन दिने,

(च) अनुदानग्राहीले प्राप्त गरेका सामग्री वा मेशिनरीको सही सदुपयोग र मर्मत सम्भार भए वा नभएको नियमित अनुगमन गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका क्रममा स्थानीय स्तरमा उठेका गुनासो वा विवादहरूको अध्ययन गरी समाधानका लागि पहल गर्ने।

१४. **<u>प्रतिवेदनः</u>** (१) सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रूपमा सम्बन्धित अनुदानग्राहीले कृषि तथा पशु शाखा समक्ष पेश गर्नुपर्नेछ।

१५. **<u>कारवाही सम्बन्धी व्यवस्थाः</u>** (१) सम्झौता अनुसार कार्य समपन्न नगरेमा तथा अनुदान प्राप्त सामाग्री वा रकमको दुरूपयोग गर्ने अनुदानग्राही सँग प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ।

(२) अनुदानमा प्राप्त सामाग्री वा मेशिनरी पाँच वर्षसम्म बिक्री गर्न वा हस्तान्त्रण गर्न नपाउने, गरेको पाइएमा बिगो असुल उपर गरिनेछ।

१६. **<u>प्रचलित कानून लागु हुनेः</u>** (१) यस कार्यविधीमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम र नलेखीएको कुरा कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित ऐन, कानुनमा उल्लेख भए बमोजिम हुनेछ। साथै नगरपलिकाबाट यस अघि पशुपन्छी विकास सम्बन्धी सञ्चालन भए गरेका कार्यहरू समेत यसै कार्यविधि बमोजिम भएको मानिने छ।

१७. **<u>बाधा अडकाउ फुकाउ तथा कार्यविधि संशोधन र परिमार्जनः</u>** (१) यस कार्यविधिको उद्देश्य कार्यान्वयनमा बाधा अड्चन वा विवाद भएमा सोको निरूपण छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकाले गर्नेछ।

(२) यस कार्यविधिमा समय सापेक्ष आवश्यक परेमा नगर कार्यपालिकाको बैठकबाट परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

१८. **<u>खारेजी र बचाउः</u>** (१) यस अघिका आर्थिक वर्षहरूमा नगरसभाबाट स्वीकृत पशुपन्छी विकास सम्बन्धी सञ्चालन भएका कार्यहरू समेत यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछ।

## अनुसूची-१
### (दफा ६ को उपदफा (१) (२) र (३) सँग सम्बन्धित)
### कृषि तथा पशुपन्छी विकास कार्यक्रम

१. पशुपन्छी विकास कार्यक्रम

| क्र.सं. | कार्यक्रमहरू | मापदण्ड | सञ्चालन गर्ने क्रियाकलापहरू | अनुदान दिने दर (कुल लागतलाई शत प्रतिशत मानिएको) र शर्त |
|---|---|---|---|---|
| १ | **पशुपन्छी स्वास्थ्य सेवा सञ्चालन कार्यक्रम** | यस कार्यक्रम अन्तर्गत स्थानीय पशुपन्छीको नियमित उपचार तथा पशुजन्य रोगको नियन्त्रण सम्बन्धी आवश्यक कार्यहरू गरिनेछ। | • पशु सेवा शाखाद्वारा नियमित पशुपन्छीको उपचार, खोप, औषधी वितरण, परामर्श तथा आवश्यक अनुगमन गरिनेछ।<br>• आवश्यक औषधी तथा सामग्री खरिद गरी उपचार व्यवस्था मिलाइनेछ।<br>• मेडिकल उपचार, माइक्रो सर्जिकल तथा प्रयोगशालात्मक (जाँच) सेवा समेत उपलब्ध गराइनेछ। | • औषधी निःशुल्क, पशुपन्छी उपचार तथा परामर्श सेवा प्रदान गरिनेछ।<br>• लिखित राजस्व लिनुपर्ने प्रति सेवा पचिस रूपैया,<br>• खोप प्रति डोज पाँच रूपैया,<br>• बन्ध्याकरण पचिस रूपैया,<br>• कृत्रिम गर्भाधान दस रूपैया,<br>• जाँच वा प्रयोगशाला पन्ध्र रूपैया,<br>• सेवा शुल्क सय रूपैया। |
| २ | **अनुदान सहयोग तथा पशु उत्पादन कार्यक्रम** | • विगत ३ वर्षमा उन्नत जातको भैंसी वा गाई वा बाख्रा वा भेडा वा बंगुर पालन गरेको हुनुपर्ने। | • सहकारी, समूह, फर्म, कम्पनीको हकमा दर्ता प्रमाणपत्र अनिवार्य।<br>• गोठ निर्माण सुधार<br>• घाँस विकास, हरियो चारा | • अनुदान पचास प्रतिशत सम्म लागत साझेदारीमा।<br>• गाई, भैंसी कार्यक्रममा दुई लाख रूपैया सम्म। |

<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमहरू</th><th>मापदण्ड</th><th>सञ्चालन गर्ने क्रियाकलापहरू</th><th>अनुदान दिने दर (कुल लागतलाई शत प्रतिशत मानिएको) र शर्त</th></tr>
<tr><td></td><td>(स्थानीय/गाई, भैंसी, बाखा, भेडा, कुखुरा)</td><td>• व्यवसायिक पशुपालन गर्ने किसान हुनुपर्ने।<br><table><tr><th>पशु</th><th>न्यूनतम</th><th>अधीकतम</th></tr><tr><td>गाई माउ</td><td>३</td><td>१०</td></tr><tr><td>भैंसी माउ</td><td>३</td><td>१०</td></tr><tr><td>कुखुरा</td><td>८०</td><td>२००</td></tr><tr><td>बाखा बोका</td><td>१२</td><td>२०</td></tr><tr><td>भेडा थुमा</td><td>१२</td><td>२०</td></tr><tr><td>गाई साँढे</td><td>३</td><td>१०</td></tr></table></td><td>• खोप, उपचार, हेरचाह<br>• औषधी तथा बाथ व्यवस्थापन<br>• दूध तथा मासु प्रशोधन<br>• पशु खरिद तथा वितरण गर्न सकिनेछ</td><td>• बाखा, बङ्गुर, भेडा कार्यक्रममा एक लाख पचास हजार सम्म।<br>• कुखुरा कार्यक्रममा एक लाख सम्म।</td></tr>
<tr><td>३</td><td>पशुपन्छी विकास तालिम तथा क्षमता विकास सम्बन्धी कार्यक्रम</td><td>• अध्ययन अवलोकन तथा तालिम शिविर<br>• जनचेतना, गोष्ठी, किसान समूह सहकार्य<br>• नयाँ प्रविधि, घाँस विकास, पशु स्वास्थ्य विषयक प्रशिक्षण</td><td>• कृषक, उद्यमी, सहकारी, फर्म, कम्पनी, समूहलाई आवश्यकताको आधारमा तालिम तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।<br>• आधुनिक कृषि तथा पशुपालन प्रविधि सम्बन्धी जानकारी प्रदान गरिनेछ।</td><td>• स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार खर्च गर्न सकिनेछ।</td></tr>
</table>

| क्र.सं. | कार्यक्रमहरू | मापदण्ड | सञ्चालन गर्ने क्रियाकलापहरू | अनुदान दिने दर (कुल लागतलाई शत प्रतिशत मानिएको) र शर्त |
|---|---|---|---|---|
| ४ | **पशु स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम** | • स्थानीय तहको पशुपन्छी पालन बढी भएको क्षेत्रमा वर्षमा कम्तिमा एक देखि पाँच वटा शिविर सञ्चालन गरिनेछ। | • प्राविधिक जनशक्ति तथा आवश्यक औषधी सामग्री सहित शिविर सञ्चालन गरिनेछ। | • स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार खर्च गर्न सकिनेछ। |
| ५ | **नश्ल सुधार कार्यक्रम** | गाई, भैंसी, बाख्रा (बोका), भेडा (थुमा) वितरण गर्दा व्यक्तिगत फर्ममा कम्तिमा बाह्र वटा माउ बाख्रा वा भेडा र तिन वटा गाई, भैंसी भएको हुनुपर्नेछ भने समूहमा बोका वितरण गर्दा प्रति सदस्य तिन वटा माउ बाख्रा, भेडा र एक वटा गाई, भैंसी भएको हुनुपर्नेछ। कम्तिमा पन्ध्र जना सदस्य भएको समूहमा बोका, भेडा, गाई, भैंसी वितरण गर्न सकिनेछ। | पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत गाई, भैंसी र बाख्रामा नियमित कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउनका लागि आवश्यक सिमेन (बुल), तरल नाइट्रोजन र आवश्यक अन्य लजिस्टिक सामग्रीको व्यवस्थापन गरिनेछ साथै पशु पालक कृषकहरुलाई स्थानीय स्तरमा उन्नत राँगो, साँढे र बोका, भेडा (थुमा) वितरण गरी सो बाट प्रजनन गराई नश्ल सुधार गरिनेछ। | • कृत्रिम गर्भधानको लागि अनुदान असी प्रतिशत सम्म लागत साझेदारीमा।<br>• स्थानीय स्तरमा उन्नत राँगो, साँढे, बोका र भेडा (थुमा) वितरण गर्दा सत्तरि प्रतिशत सम्म लागत साझेदारी |

| क्र.सं. | कार्यक्रमहरू | मापदण्ड | सञ्चालन गर्ने क्रियाकलापहरू | अनुदान दिने दर (कुल लागतलाई शत प्रतिशत मानिएको) र शर्त |
|---|---|---|---|---|
| ६ | **पशु आहारा विकास कार्यक्रम** | पशुपालक कृषकलाई गोटा, बिउ, बेर्ना र मिनिरल वा प्रोबायोटिक वितरण | पशु आहारा विकास कार्यक्रम अन्तर्गत पशु पालक कृषकहरुलाई हरियो घाँसमा आधारित पशुपालनमा प्रोत्साहन गरिनेछ। नियमित हरियो घाँस उत्पादनका लागि सिजन अनुसारका हिउँदे, वर्षे, बहुवर्षे घाँसका बिउ, बेर्ना सेट तथा डाले घाँसका गोटा र मिनिरल वा प्रोबायोटिक वितरण गरिनेछ। | • अनुदान शत प्रतिशत सम्म वितरण गर्न सकिने। |
| ७ | **पशु पन्छी तथा पशु जन्य पदार्थको बजारीकरण** | यस्ता कार्यक्रमहरु संचालन गर्नका लागि सात वा पन्ध्र दिन अवधि सम्मको सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गरिनेछ। | पशु पन्छी जन्य पदार्थको बजारीकरण कार्यक्रम अन्तर्गत यस नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरुमा नियमानुसार दर्ता भई संचालनमा रहेका पशुजन्य उत्पादन दुध, फुल र मासुको विविधिकरण तथा बजारीकरणमा टेवा पुग्ने खालका | **अनुदान** साठ्ठी प्रतिशत लागत साझेदारीमा संचालन गर्न सकिने। |

| क्र.सं. | कार्यक्रमहरू | मापदण्ड | सञ्चालन गर्ने क्रियाकलापहरू | अनुदान दिने दर (कुल लागतलाई शत प्रतिशत मानिएको) र शर्त |
|---|---|---|---|---|
| | | | कार्यक्रमहरु निजी सहकारी साझेदारी अनुसार गरिनेछ। | |
| ८ | **बंगुरपालन प्रवर्द्धन कार्यक्रम** | बंगुरपालन प्रवर्द्धन कार्यक्रम प्रयोजनका लागि खोर निर्माण कार्य पुरा गरी बंगुरपालन सुरु गर्ने तयारी भएको किसान तथा समूह हुनुपर्ने। फर्मको लागि कम्तिमा पाँच वटा माउ र समूहमा कम्तिमा प्रति सदस्यले दुई वटा माउ बंगुरपालन गर्नु पर्नेछ। | फर्म, उद्यमीले कम्तिमा पाँच वटा माउ बंगुर पालन गर्न सक्ने वा गरेकोलाई प्राथमिकता दिन सकिनेछ। तथा समूहमा प्रति सदस्य दुई वटा माउ बंगुरपालन गर्न सक्ने वा पालन गर्दै आएको समूहलाई प्राथमिकता दिन सकिनेछ। बंगुरपालन कृषकहरुलाई खोर निर्माण तथा सुधार, मेसनरी औजार, नश्ल सुधार, औषधि तथा खोप, उन्नत तथा स्थानिय जातका बंगुर खरिद र ढुवानी वितरण, क्षमता अभिवृद्धि कार्यक्रम संचालन, आहारा व्यवस्थापन, मासु उत्पादन तथा प्रसोधनको लागि आवश्यक सामाग्री वितरण गरिनेछ। | • बंगुरका पाठापाठी वितरणमा सत्तरी प्रतिशत,<br>• भौतिक निर्माण तथा मेशिनरी सामग्रीमा पचास प्रतिशत,<br>• नश्ल सुधारमा साठी प्रतिशत,<br>• आहार व्यवस्थापनमा असि प्रतिशत अनुदान दिन सकिनेछ। |

| क्र.सं. | कार्यक्रमहरू | मापदण्ड | सञ्चालन गर्ने क्रियाकलापहरू | अनुदान दिने दर (कुल लागतलाई शत प्रतिशत मानिएको) र शर्त |
|---|---|---|---|---|
| ९ | **भेडावा बाख्रा पालन पशु प्रवर्द्धन कार्यक्रम** | • भेडा वा बाख्रा पालन प्रवर्द्धन कार्यक्रम प्रयोजनका लागि खोर निर्माण कार्य पुरा गरी भेडा वा बाख्रा पालन सुरु गर्ने तयारी भएको किसान तथा समूह हुनुपर्ने।<br>• फर्मको लागि कम्तिमा बिस वटा माउ र समूहमा कम्तिमा प्रति सदस्यले पाँच वटा माउ भेडा वा बाख्रा पालन गर्नु पर्नेछ। | भेडा वा बाख्रा पालन कृषकहरुलाई खोर निर्माण तथा सुधार, नश्ल सुधार, औषधि तथा खोप, उन्नत तथा स्थानिय जातका भेडा वा बाख्रा खरिद र ढुवानी, क्षमता अभिवृद्धि कार्यक्रम संचालन, मासु उत्पादन तथा प्रसोधनको लागि आवश्यक सामाग्री वितरण, आहारा व्यवस्थापन गरिनेछ।<br>जैविक सुरक्षा सम्बन्धि कार्यक्रम सञ्चालन गर्न सकिनेछ। | • भेडा (थुमा) वा बाख्रा (बोका) वितरणमा सत्तरी प्रतिशत,<br>• भौतिक निर्माण तथा मेशिनरी सामग्रीमा पचास प्रतिशत,<br>• नश्ल सुधारमा साठी प्रतिशत,<br>आहार व्यवस्थापनमा असी प्रतिशत अनुदान दिन सकिनेछ। |
| १० | **कुखुरा पालन पशु प्रवर्द्धन कार्यक्रम** | • कुखुरा पालन प्रवर्द्धन कार्यक्रम प्रयोजनका लागि खोर निर्माण कार्य पुरा गरी कुखुरा पालन सुरु गर्ने तयारी भएको किसान तथा समूह हुनुपर्ने।<br>फर्मको लागि कम्तिमा असी वटा माउ र समूहमा कम्तिमा प्रति | कुखुरा पालन कृषकहरुलाई खोर निर्माण तथा सुधार, नश्ल सुधार, औषधि तथा खोप, उन्नत तथा स्थानिय जातका कुखुरा खरिद र ढुवानी, क्षमता अभिवृद्धि कार्यक्रम संचालन, मासु उत्पादन तथा | • कुखुरा वितरणमा सत्तरी प्रतिशत,<br>• भौतिक निर्माण तथा मेशिनरी सामग्रीमा पचास प्रतिशत,<br>• नश्ल सुधारमा साठी प्रतिशत,<br>• आहार व्यवस्थापनमा असी प्रतिशत अनुदान दिन सकिनेछ। |

| क्र.सं. | कार्यक्रमहरू | मापदण्ड | सञ्चालन गर्ने क्रियाकलापहरू | अनुदान दिने दर (कुल लागतलाई शत प्रतिशत मानिएको) र शर्त |
|---|---|---|---|---|
| | | सदस्यले दश वटा माउ कुखुरा पालन गर्नु पर्नेछ। | प्रसोधनको लागि आवश्यक सामाग्री वितरण, आहारा व्यवस्थापन गरिनेछ।<br>जैविक सुरक्षा सम्बन्धि कार्यक्रम सञ्चालन गर्न सकिनेछ। | |
| ११ | **गाई र भैसीं पालन पशु प्रवर्द्धन कार्यक्रम** | • **गाई र भैसी** पालन प्रवर्द्धन कार्यक्रम प्रयोजनका लागि खोर निर्माण कार्य पुरा गरी **गाई र भैसीं** पालन सुरु गर्ने तयारी भएको किसान तथा समूह हुनुपर्ने।<br>फर्मको लागि कम्तिमा दश वटा माउ र समूहमा कम्तिमा प्रति सदस्यले दुई वटा माउ **गाई र भैसीं** पालन गर्नु पर्नेछ। | **गाई र भैसीं** पालन कृषकहरुलाई खोर निर्माण तथा सुधार, नश्ल सुधार, औषधि तथा खोप, उन्नत तथा स्थानिय जातका **गाई र भैसीं** खरिद र ढुवानी, क्षमता अभिवृद्धि कार्यक्रम संचालन, र राँगाको मासु उत्पादन तथा प्रसोधनको लागि आवश्यक सामाग्री वितरण, आहारा व्यवस्थापन गरिनेछ।<br>जैविक सुरक्षा सम्बन्धि कार्यक्रम सञ्चालन गर्न सकिनेछ। | • **गाई र भैसी** वितरणमा पचास प्रतिशत,<br>• भौतिक निर्माण तथा मेशिनरी सामग्रीमा पचास प्रतिशत,<br>• नश्ल सुधारमा पचास प्रतिशत,<br>• आहार व्यवस्थापनमा असी प्रतिशत अनुदान दिन सकिनेछ। |

| क्र.सं. | कार्यक्रमहरू | मापदण्ड | सञ्चालन गर्ने क्रियाकलापहरू | अनुदान दिने दर (कुल लागतलाई शत प्रतिशत मानिएको) र शर्त |
|---|---|---|---|---|
| १२ | **कुकुर र बिरालोमा रेविज नियन्त्रण कार्यक्रम तथा रेबिज नियन्त्रण कार्यक्रम** | घरपालुवा, सामुदायिक तथा छाडा कुकुर र बिरालो मा रेबिज रोग नियन्त्रण गर्न कार्यक्रम सञ्लन | • सामुदायिक तथा छाडा कुकुर गणना गरी म्यापिङ,<br>• घरपालुवा कुकुरको दर्ता अभिलेखीकरण तथा प्रमाणीकरण,<br>• सामुदायिक तथा छाडा कुकुरको सङ्ख्या नियन्त्रण,<br>• स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा कार्यरत सरोकारवालासँग रेबिज नियन्त्रणको लागि अन्तरक्रिया,<br>• रेबिज रोग नियन्त्रण सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन,<br>• रेबिज रोग सर्भिलेन्स, नमूना प्रेषण तथा रिपोर्टिङ र खोप कार्य राज रेविज रोग सम्बन्धी जनचेतनामूलक सामग्री प्रकाशन, प्रशारण तथा सञ्चालन गर्ने। | स्थानिय तहको शत प्रतिशत अनुदान |

## २. कृषि विकास कार्यक्रम

| सि.नं. | कार्यक्रमहरु | कार्यान्वयन विधी | हुन सक्ने उपलब्धी | सूचक |
|---|---|---|---|---|
| १ | **मसला विकास कार्यक्रम** | व्यवसायिक फर्म, कृषक समूह, सहकारीबाट बैठकको निर्णय भई आएका व्यक्ति वा समूहलाई पचास प्रतिशत अनुदानमा मसला बिउ वितरण। | आयस्तर वृद्धि हुनुको साथै मसला बालीमा आत्मनिर्भर बन्ने। | एक क्लस्टरमा मसला खेती, कृषकको पचास प्रतिशत लगानी मन्जुर। |
| २ | **नियमित संचालन हुने कार्यक्रमहरु** (बाली कटानी, तरकारी मिनिकिट वितरण आदि) | स्वीकृत कार्यक्रम संचालन तथा छनौटको लागि कृषिसमितिको बैठक बसी स्थल छनौट गरी तरकारी मिनिकिट वितरण। | सन्तुलित किसिमले कार्यक्रम बाँडफाँड र उपलब्धी मापन। | निवेदन संकलन, बैठक, वडा तहबाट तथ्याङ्क संकलन। |
| ३ | **कृषक क्षमता विकास तथा अभिवृद्धि** | व्यवसायिक फर्म वा समूहको मागको आधारमा तालिम प्रदान गरी क्षमता विकास गर्ने। | खेतीपाती सम्बन्धी समस्या समाधान र नविनतम प्रविधिको विस्तार। | कृषकहरुबाट निवेदन संकलन गरी तालिम संचालन। |
| ४ | **५०% अनुदानमा तरकारी बिउ, कृषि सामग्री वितरण** | भौगोलिक क्षेत्र अध्ययन गरी इच्छुक कृषकलाई पचास प्रतिशत अनुदानमा आलु, तरकारी, मसला बिउ र मौरीपालन सामग्री वितरण। | कृषि व्यवसाय प्रति उत्प्रेरणा प्रदान गरी व्यवसायिकता तर्फ उन्मुख गराउने। | निवेदन संकलन गरी कार्यक्रम संचालन। |

| | | | | |
|---|---|---|---|---|
| ५ | **साना सिचाई निर्माण मर्मत संभार** | कुलो निर्माण, प्लाष्टिक पोखरी, सोइल सिमेन्ट पोखरी निर्माण गर्ने। | सिचाई सुविधा विस्तार गरी उत्पादन वृद्धि गर्ने। | निवेदन संकलन गरी कार्यक्रम संचालन। |
| ६ | **बाली संरक्षण सेवा** | रोगकिरा नियन्त्रणका लागि किटनाशक, ढुसिनाशक, जैविक विषादी वितरण र प्लान्ट क्लिनिक संचालन। | रोगकिराबाट हुने क्षति न्यूनीकरण गरी उत्पादन बढाउने। | सूचनानुसार क्षति ग्रस्त क्षेत्रमा कार्यक्रम संचालन। |
| ७ | **कृषि यन्त्र वितरण पच्हत्तर प्रतिशत अनुदानमा** | नयाँ प्रविधिको विस्तारका लागि पच्हत्तर प्रतिशत अनुदानमा कृषि यन्त्र वितरण गर्ने। | कृषि कार्यमा सहजता, कम श्रम र लागतमा बढी फाइदा। | निवेदन संकलन गरी कार्यक्रम संचालन। |
| ८ | **वागवानी विकास कार्यक्रम** | हिउँदे तथा वर्षे फलफूल विरुआ पचास प्रतिशत अनुदानमा वितरण गर्ने। | फलफूल वगान विस्तार हुने र आयमा वृद्धि हुने। | एक क्लस्टरमा खेती, पचास प्रतिशत लगानी, प्रगति विवरण। |
| ९ | **प्राङ्गारिक तरकारी खेती प्रवर्द्धन** | भकारो सुधार, वनस्पति विषादी निर्माण तालिम, गड्यौला मल वितरण गर्ने। | रासायनिक विषादी प्रयोग न्यूनीकरण गरी प्राङ्गारिक खेती प्रवर्द्धन। | रासायनिक विषादी मुक्त तरकारी उत्पादन। |
| १० | **युवा लक्षित कार्यक्रम** | बेरोजगार युवाहरुलाई क्लस्टरमा कृषि सामग्री वितरण तथा चालिस हजार सम्म अनुदान दिने। | वेरोजगारी समस्या समाधान र कृषि कार्यमा अग्रसर गराउने। | कार्यविधि अनुसार कार्यक्रम संचालन। |

## अनुसूची-२

### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन सम्बन्धी सुचनाको ढाँचा

**प्रथम पटक प्रकाशित मिति**

छायाँनाथ रारा नगरपालिकाको कृषितथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ अनुसारको कृषि तथा पशु विकास शाखाको आर्थिक वर्ष ............. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "..........................................." कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह वा सहकारी संस्था वा समिति, कम्पनीहरुले अधिकतम अनुदान सिमा .................... ननाघ्ने गरी यो सूचना प्रकाशित भएको मितिले ....औं दिन मिति २०८..... गते भित्र तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी कृषि तथा पशु विकास शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तावका साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलगन गर्नुपर्ने मापदण्ड यस कार्यालयको सूचना पाटी वा वेबसाइट www.chhayanathraramun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**आवश्यक कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. अनुसूची-४ बमोजिमको ढाँचाको निवेदन।
३. अनुसूची-३ बमोजिम तोकिएको संक्षिप्त ढाँचामा तयार पारिएको प्राविधिक र आर्थिक प्रस्ताव वा कार्ययोजना।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस।
५. समूह, सहकारी संस्था वा समिति दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
६. स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि।
७. कार्यक्रम संचालन वर्ष अघिको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
९. कार्यक्रम संञ्चालनको लागि जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच वर्षको करार गरिएको सम्झौता (अधीवक्ताबाट मस्यौदा गरिएको सम्झौता हुनुपर्ने) प्रमाणपत्र।
१०. अनुदानग्राहीले सोही प्रकृतिको कार्यज्रम विगत दुई वर्ष भित्र अणुदान रकम नपाएको स्वघोषणा गर्नुपर्ने।

अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

<u>कृषि तथा पशुपन्छी विकास कार्यक्रमको संक्षिप्त कार्ययोजनाको ढाँचा</u>

कार्यक्रमको नामः जिल्लाः नगरपालिकाः

वडा नं. फर्म/समुह/सहकारि/कम्पनीको नामः

सम्पर्क नं.

१. व्यवसायको परिचयः

२. उद्देश्यः

३. कृषि व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरूः

५. कार्यक्रम शुरु हुने मितिः

६. कार्यक्रम सम्पन्न हुने मितिः

७. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरणः

८. तालिम सम्बन्धी विवरणः

९. व्यवसायको आधारभूत विवरण

| क्र.स. | संचालित व्यवसायको नाम | व्यवसाय बाट उत्पादन हुने मुख्य मुख्य वस्तु | उत्पादन हुने वार्षिक परिमाण | वार्षिक कारोबार रकम | व्यवसायबाट सिर्जित रोजगार विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१०. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम (रु.) | स्थानिय तहको साझेदारी रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची-४**

**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>कृषि तथा पशुपन्छी विकास कार्यक्रमको सञ्चालनको लागी निवेदनको ढाँचा</u>**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत,
छायाँनाथ रारा नगरपालिका,
गमगढी, मुगु।

**विषयः <u>.........................कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे।</u>**

महोदय,

यस छायाँनाथ रारा नगरपालिकाको मिति ............... गतेको प्रकाशित सुचना अनुसार यस समुह/समिति/सहकारी संस्थाको .............................. कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरूको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न निम्नानुसारको कागजातहरू यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव निवेदन पेश गरेको छु वा छौं।

**संलग्न कागजातहरू**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. अनुसूची-४ बमोजिमको ढाँचाको निवेदन।
३. अनुसूची-३ बमोजिम तोकिएको संक्षिप्त ढाँचामा तयार पारिएको प्राविधिक र आर्थिक प्रस्ताव वा कार्ययोजना।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस।
५. समूह, सहकारी संस्था वा समिति दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
६. स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि।
७. कार्यक्रम संचालन वर्ष अघिको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
९. कार्यक्रम संञ्चालनको लागि जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच वर्षको करार गरिएको सम्झौता (अधीवक्ताबाट मस्यौदा गरिएको सम्झौता हुनुपर्ने) प्रमाणपत्र।
१०. अनुदानग्राहीले सोही प्रकृतिको कार्यज्र्म विगत दुई वर्ष भित्र अणुदान रकम नपाएको स्वघोषणा गर्नुपर्ने।

**<u>निवेदक</u>**

हस्ताक्षरः
नामः
ठेगानाः
मितिः
सम्पर्क नं.
संस्थाको छापः

## अनुसूची-५

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

**कृषि औजार वा मेसिनरी मागका लागि निवेदनको ढाँचा**

मितिः

श्रीमान् शाखा प्रमुख ज्यू,
कृषि विकास शाखा/पशुपन्छी विकास शाखा,
छायाँनाथ रारा नगरपालिका, गमगढी, मुगु।

**विषयः मेसिनरी/कृषि औजार अनुदानमा पाउनका लागि निवेदन।**

उपरोक्त विषयमा, म/हामीले विगत .... वर्षदेखि वडा नं. .... मा ...................... पालन वा कृषि गर्दै आएको छु/छौं। मलाई देहाय बमोजिमको औजार आवश्यक परेकोले नगरपालिकाको ...... अनुदान र मेरो ...... लागत साझेदारीमा उपलब्ध गराइदिनु हुन यो निवेदन पेश गर्दछु।

१. माग गरिएको औजारको नाम र संख्याः ....................................................
२. हाल पालेका पशुपन्छीको संख्याः ............................................................
३. फार्म/कृषकको नाम र ठेगानाः ............................................................
४. नागरिकता नं. र सम्पर्क फोन नं.: .......................................................

निवेदकको दस्तखतः .....................
मितिः .....................

**अनुसूची-६**

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>स्वघोषणा पत्रको नमुना</u>**

श्री प्रमुख प्रशासकीय अधिकृत,
छायाँनाथ रारा नगरपालिका,
गमगढी, मुगु।

**विषयः <u>कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन सम्बन्धी स्वघोषणा।</u>**

म/हामी ...................................................... (फर्म/समूह/सहकारी वा व्यक्तिको नाम), यस कार्यालयबाट सञ्चालन हुने ...................................................... कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमको विवरण स्वघोषणा गर्दछु/गर्दछौंः

१. म/हामी यस कार्यक्रमका लागि तोकिएका सम्पूर्ण मापदण्ड र शर्तहरू पालना गर्न मञ्जुर छु/छौं।

२. प्रस्ताव गरिएको कार्यक्रम सञ्चालन हुने जग्गा मेरो आफ्नै स्वामित्वमा रहेको वा ........... वर्षका लागि भाडा/लिजमा लिएको जानकारी गराउँदछु।

३. प्रस्ताव गरिएको कार्यक्रम कम्तीमा पाँच वर्ष सम्म सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

४. यस कार्यक्रमका लागि नेपाल सरकार वा अन्य कुनै पनि निकायबाट दोहोरो सुविधा नलिएको प्रतिबद्धता व्यक्त गर्दछु।

५. कार्यक्रम सञ्चालनको क्रममा प्राप्त हुने अनुदान रकमको सदुपयोग गर्नेछु र तोकिएको समयभित्रै कार्य सम्पन्न गर्नेछु।

६. मेरो/हाम्रो फर्म/संस्था कुनै पनि कालोसूचीमा नरहेको र प्रचलित कानुन बमोजिम दर्ता भई नवीकरण भएको जानकारी गराउँदछु।

७. अनुगमनको क्रममा विवरण झुटो ठहरिएमा प्राप्त अनुदान फिर्ता गर्न र प्रचलित कानुन बमोजिम कारबाही भोग्न मेरो पूर्ण मञ्जुरी छ।

८. कार्यक्रमको प्रगति प्रतिवेदन र खर्चको विवरण समयमै बुझाउनेछु।

**<u>स्वघोषणा गर्नेकोः</u>**

दस्तखतः ..................................
नाम/थरः ..................................
फर्म/संस्थाको छाप (यदि भए): ..................................
नागरिकता नं.ः ..................................
सम्पर्क फोन नं.ः ..................................
मितिः ..................................

## अनुसूची-७

## (दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## औजार प्राप्त गर्दा गरिने कवुलियतनामा/सम्झौता पत्र

छायाँनाथ रारा नगरपालिका (प्रथम पक्ष) र श्री ............................................... (दोस्रो पक्ष) बिच तपशिल बमोजिमका शर्तहरु परिपालन गर्ने गरि द्विपक्षीय सम्झौता गरि दियौं/लियौं।

यो सम्झौता भयो।

१. दोस्रो पक्षले प्राप्त गरेको ................................. (औजारको नाम) अनिवार्य रूपमा कृषि तथा पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गर्नेछ।

२. मेसिनरी औजारको उचित रेखदेख र मर्मत सम्भार दोस्रो पक्षले गर्नेछ।

३. दोस्रो पक्षले अनुदानमा प्राप्त मेसिनरी औजार पाँच वर्ष सम्म विक्री गर्न वा हस्तान्तरण गर्न पाउने छैन।

४. नगरपालिकाले चाहेको समयमा प्राविधिकहरू मार्फत स्थलगत अनुगमन गर्न पाउनेछ।

५. मेसिन हराएमा, बिक्री गरेमा वा दुरुपयोग गरेमा प्रचलित कानुन बमोजिम बिगो भरिभराउ गर्न दोस्रो पक्ष मञ्जुर गर्दछ।

६. माथि लेखिएको कुरा ठिक साँचो छ, झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सजाय हुने कुरामा दोस्रो पक्ष मञ्जुर गर्दछ।

| <u>दोस्रो पक्षको तर्फबाट</u> | <u>प्रथम पक्षको तर्फबाट</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगानाः | पदः |
| मितिः | कार्यालयः |
| मितिः | कार्यालयको छापः |

ईति संवत २०..... साल ....... महिना ....... गते ..... रोज शुभम्...................................................।

## अनुसूची-८

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

<u>लागत साझेदारीमा कृषितथा पशुपन्छी विकास कार्यक्रममा सहभागिताका लागि साझेदार छनौटका आधारहरू</u>

(क) समूहको नामः

(ख) ठेगानाः

(ग) समुहको अध्यक्षको नामः

(घ) सम्पर्क नं.

(ङ) प्रस्तावित कार्यक्रमको नामः

(च) मूल्याङ्कनका आधारहरूः

| क्र.स. | मुल्याङ्कन गर्ने आधारहरू | अधिकतम पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **स्थानको उपयुक्त (सामाजिक, भौगोलिक एवं वातावरणीय दृष्टिकोणले सम्भाव्यता) र पुर्वाधार विकास एवं विकासका सम्भावनाहरू** | **२५** | | |
| | १.१ सडक सुविधा भएको | ४ | | |
| | १.२ बिजुली सुविधा भएको | ४ | | |
| | १.३ सिँचाई सुविधा भएको | ५ | | |
| | १.४ नीजी फर्म वा संस्थाको नाममा भएको | ४ | | |
| | १.५ नीजी जग्गा भाडामा लिएको | ३ | | |
| | १.६ सार्वजनिक जग्गा भाडामा लिएको | ५ | | |
| २ | **व्यवसाय समबन्धी अनुभव** | **१२** | | |
| | तिन वर्ष भन्दा कम | ३ | | |

| | | | | |
|---|---|---|---|---|
| | तिन देखि पाँच वर्ष सम्म | ४ | | |
| | पाँच वर्ष भन्दा माथि | ५ | | |
| ३ | **प्राविधिक दक्षता वा सम्बन्धित विषयमा तालिम (प्रस्तावित कामदारको मात्र)** | **१४** | | |
| | तिन दिन अवधि सम्मको तालिम | २ | | |
| | चार देखि सात दिन अवधि सम्मको तालिम | ३ | | |
| | आठ देखि पन्ध्र दिन अवधि सम्मको तालिम | ४ | | |
| | पन्ध्र देखि माथि अवधि सम्मको तालिम | ५ | | |
| ४ | **रोजगारी सिर्जना** | **६** | | |
| | कम्तिमा तिन जना सम्म | २ | | |
| | तिन जना भन्दा माथि | ४ | | |
| ५ | **उत्पादित बस्तुको बजार योजना** | **१०** | | |
| | आफनै पहलमा उत्पादित बस्तुहरूको बजारीकरण सुनिश्चितता | २ | | |
| | समुह, सहकारी, संस्थागत तरिकाले उत्पादित बस्तुको बजारिकरण | ३ | | |
| | बजारिकरण तोजना स्पष्ट भएको | ५ | | |
| ६ | **वित्तिय क्षमता** | **१८** | | |
| | कुल लगानीको ७०% भन्दा माथि लगानीको प्रतिवद्धता पत्र (बैंक स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतको प्रतिबद्धता पत्र) | ८ | | |

| | | | | |
|---|---|---|---|---|
| | कुल लगानीको ५५-६९% सम्म लगानीको प्रतिवद्धता पत्र (बैंक स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतको प्रतिबद्धता पत्र) | ६ | | |
| | कुल लगानीको ५५% भन्दा कम लगानीको प्रतिवद्धता पत्र (बैंक स्टेटमेन्ट वा बैंकको लोन स्वीकृतको प्रतिबद्धता पत्र) | ४ | | |
| ७ | **व्यवसायिक कार्ययोजनाको सपष्टता (कार्ययोजना जलवायू अनुकुलन लगानी प्रतिफल र दिगोपना)** | ६ | | |
| | उत्तम | ३ | | |
| | राम्रो | २ | | |
| | ठिकै | १ | | |
| ८ | **वैदेशिक रोजगारीको अनुभव कम्तिमा एक वर्ष भएको** | ४ | | |
| ९ | **खेतबारीको व्यवस्थापन** | **५** | | |
| | राम्रो | ३ | | |
| | ठीकै | २ | | |
| १० | **शैक्षिक योग्यता** | **५** | | |
| | एस.एल.सि. वा एस.ई.ई सम्म | २ | | |
| | एस.एल.सि. वा एस.ई.ई भन्दा माथि | ३ | | |
| ११ | **महिला, अपाङ्गता भएका व्यक्ति, सिमान्कृत समुदाय, एकल महिला र दलित कृषक** | **५** | | |
| | जम्मा प्राप्ताङ्क | १०० | | |

**(छ) स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरू**

(१)

(२)

(ज) स्थलगत अनुगमनमा टोलीको राय

| क्र.स. | पद | राय दिनेको नाम, थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहीत हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

## अनुसूची-९
## (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**द्विपक्षीय सम्झौता पत्र**

छायाँनाथ रारा नगरपलिकाको आर्थिक वर्ष ........... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ............................ कार्यक्रम संचालन गर्न छायाँनाथ रारा नगरपालिकाको कार्यालय, गमगढी, मुगु (यसपछी प्रथम पक्ष भनिने), र श्री ....................................................... (यसपछी दोश्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालन गर्ने गरि त्रिपक्षीय सम्झौता गरि दियौं/लियौं।

**तपशिल**

१. प्रथम पक्ष ................................... कार्यक्रमको लागि विनियोजित रु. ...................।- मध्ये दोश्रो पक्षसँग रु. ................... बराबरको रकम साझेदारी गर्नेछ।

२. दोश्रो पक्षले साझेदारी वापतको बाँकी रकमको व्यवस्था गरी मुगु जिल्ला छायाँनाथ रारा नगरपालिकानं. वडाको ................... भन्ने स्थानमा यसै आर्थिक वर्षको असार महिनाको पन्ध्र गते सम्ममा कार्यक्रम सम्पन्न गर्नुपर्नेछ।

३. दोश्रो पक्षले प्रथम र दोश्रो पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना बमोजिमका सम्पुर्ण कार्यहरु प्राविधिक मापदण्ड वा नर्मसको अधिनमा रहि सम्पन्न गर्नेछ।

४. कार्यक्रम संचालनका लागी आवश्यक निर्माण सम्बन्धि डिजाइन, इष्टिमेत, सुपरभिजन, बिल भर्पाइ र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानि, संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भर्पाइ, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानिका लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे प्रथम पक्षले बैंक खातामा एकमुष्ठ भुक्तानि दिनेछ।

६. मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्ता समेत साझेदारी रकमको भुक्तानि बैंक खाता मार्फत गर्नेछ। कार्यक्रम सम्बन्धि प्राविधिक सेवा टेवा समन्वय र सहजिकरण प्रथम पक्षले गर्नु पर्नेछ।

७. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन वा निरीक्षण गरी सम्झौता मुताविक कार्य भए वा नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चात को संचालन मर्मत सम्भार व्यवस्थापन, जोखिम र दिगोपनाका लागी गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. दोस्रो पक्षले चौमासिक रुपमा कार्यक्रमको प्रगति उपलब्धि एवं कारोवार सम्बन्धि विवरणहरु स्थानिय तहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. दोस्रो पक्षले कम्तिमा पाँच वर्ष सम्म कार्यक्रम सञ्चालन गर्नु पर्ने।

११. कार्यक्रम संचालनको क्रममा कुनै बिवाद आएमा दुबै पक्षको आपसी समझदारीमा समाधान गरिने छ।

१२. प्रस्तावित कार्यक्रम संचालन गरिएको स्थानमा सहयोगि निकायको नाम सहित विस्तृत विवरण उल्लेख गरि दोश्रो पक्षले अनिवार्य बोर्ड राखु पर्ने छ।

१३. खरिद भएका पशु वस्तुहरुको अनिवार्य रुपमा बिमा भएको र पशु स्वास्थ्य प्रमाणपत्र लिएको हुनुपर्ने छ।

१४. यस कार्यविधीमा उल्लेख गरिएको कार्यक्रम अनुसारको पशुपन्छी अर्को स्थानीय तह वा यो स्थानीय तह भन्दा बाहिरको जिल्लाबाट खरिद गर्नु पर्नेछ।

१५. कार्यक्रम सञ्चालनको दौरान कुनै परिमार्जन गर्नुपरेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमति अणुसार गर्नुपर्नेछ।

१६. यस सम्झौता तथा कार्यविधि उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर:<br>नाम:<br>पद:<br>कार्यालय:<br>संस्थाको छाप: | हस्ताक्षर:<br>नाम:<br>पद:<br>कार्यालय:<br>छाप: |

**रोहबर**

(क) जिल्ला मुगु छायाँनाथ रारा नगरपालिका, वडा नं..... को ................................................१

(ख) जिल्ला मुगु छायाँनाथ रारा नगरपालिका, वडा नं..... को ................................................१

इति सम्बत २०..... साल ................. महिना ......... गते रोज ................... शुभम्..................।

प्रमाणित मितिः २०८३/०१/२५

**आज्ञाले,**
बिष्णु पौडेल
प्रमुख प्रशासकीय अधिकृत